म्याङलुङ्ग नगरपालिकाको आ.व.

०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम

२०७५/३/२७

श्री सभाध्यक्ष ज्यू

एवं सम्पूर्ण सभासद् ज्युहरु,

प्रमाणीकरण मिति ०७५।४।२

सर्वप्रथम म जनता र राष्ट्रको समृद्धि तथा राजनीतिक तथा सामाजिक परिवर्तनका सवै आन्दोलनमा अमुल्य जीवनको वलिदानि गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात अमर शहीदहरुमा भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । शहीदहरुको सपना र मार्गदर्शन अनुरुपको नयाँ नेपाल निर्माण गर्ने यो महान यात्रालाई सार्थक तुल्याउने कार्यमा हामी सबैलाई प्रेरणा मिल्ने अपेक्षा गर्दछु । यस सुन्दर नगरी म्याङलुङ नगरपालिका वडा नं. ८ मा जन्म भै जनताका अधिकार प्राप्तिको अभियानमा जिवन उत्सर्ग गर्नुहुने शहिद नेत्र गुरागाईलाई थप स्मरण गर्दै उहाँ प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

नेपालको संविधानको कार्यान्वयन सगै २०७४ साल असार १४ गतेका दिन सम्पन्न स्थानीय तहको निर्वाचनमा तपाइ हामि म्याङलुङ नगरवासिको प्रतिनिधि भै कार्यभार सम्हालेको १ वर्ष पुरा भएको अवस्थामा जनताको विकास चाहानालाई सम्बोधन गर्दै आएका छौ । यस सन्दर्भमा हामिलाई कर्तव्य पथमा डोयाउन घचघचाउने नगरपालिकाको सम्पूर्ण सभासद ज्यूहरु, सम्पूर्ण नगरवासि , तथा सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक अभिवादन तथा सम्मान व्यक्त गर्दछु ।

**सभाध्यक्ष ज्यू**

संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संबिधान जारी भए सँगै सोही संविधानको आधारमा सम्पन्न स्थानिय तहको संरचना अनुसार ऐतिहासिक निर्वाचन द्वारा गठन भएको प्राकृतिक रुपमा सुन्दर तेह्रथम जिल्लाको आर्थिक, सामाजिक, धार्मिक, साँस्कृतिक र पर्यटकीय दृष्टिले महत्वपुर्ण केन्द्र तथा सदरमुकाममा अवस्थित यस म्याङलुङ्ग नगरपालिकाको आर्थीक वर्ष २०७४/०७५ को नीती तथा कार्यक्रममा प्रस्तुत ऐतिहासिक कुराहरुलाई कायम राख्दै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ अनुसार यस गरिमामय दोश्रो म्याङलुङ्ग नगरसभामा आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**आदरणीय सभाध्यक्ष तथा सम्पुर्ण सभासद ज्यूहरु,**

नेपाली जनताहरुको ऐतिहासीक जनआन्दोलनद्वारा प्राप्त उपलब्धीहरुलाई संबिधानले ब्यवस्था गरेबमोजिम स्थानिय सरकार गठन भई १ वर्षको अन्तिम तिरआइपुगेका छौ । यस आधारमा आर्थिक वर्ष २०७४/७५ को छोटो प्रगति समिक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**१, आ.व. २०७४/७५ को आन्तरिक राजश्व संकलनको अवस्था**

आन्तरिक आय रु. **८१ लाख** /- र नगद लागत सहमागीता रु. **७५ लाख ३६ हजार १ सय ६८ अटसठी १२ पैसा** संकलन हुने अनुमान गरिएकोमा आ.ब. २०७४/०७५ को मिति २०७५/०३/२५ सम्म आन्तरिक आय **रु. ३३ लाख, ८२ हजार ४सय ८५पचारि ०२ पैसा** र नगद लागत सहभागीता बापत **रु. ७३ लाख ६४ हजार ९ सय १० दश** गरी कुल **रु.१करोड ०७ लाख ४७ हजार सय ९५ पन्चानब्बे. ०२ पैसा** संकलन भएको छ । आन्तरिक आय तथा नगद लागत सहभागीता बढोत्तरी गर्न आगामी आ.ब.म विषेश पहल गर्नु पर्ने अवस्था समेत रहेको छ ।

**२. आ.व २०७४/७५मा संचालित योजना तथा कार्यक्रमको अवस्था**

आ.ब. २०७४/०७५ मा कुल विनियोजन **रु ३२ करोड ९८ लाख १४ हजार १ सय २३ तेईस १२ पैसा** गरिएकोमा मिर्मि २०७५/०३/२५ सम्ममा करिब ९५ प्रतिशत भन्दा बढि योजना तथा कार्यक्रमहरु सम्पन्न भई सकेका छन् ।

३. आ.व २०७५/०७६को नीति तथा कार्यक्रममा आ.ब. २०७४/०७५ मा अवलम्बन गरिएको नीति तथा कार्यक्रमलाई निरन्तरता दिंदै थप नीति तथा कार्यक्रमलाई प्रथमिकतामा राखिएको छ ।

**सभाध्यक्ष महोदय,**

गत प्रथम नगरसभामा प्रस्तुत गरिएका नगरवासिका चाहाना तथा समस्याहरु यथावत कायम रहेका हुँदा सोहि कुरा यहाँ उल्लेख गरेको छु । "नगरबसीहरुमा विकास निर्माणको चाहाना अधिक हुनु स्वभाविक नै छ । यस्तो अवस्थामा उपलब्ध साधन र श्रोतको समुचित व्यवस्थापन र प्रयोगद्धारा नगरबासिको चाहाना बमोजिम म्याङलुङ्ग नगरको समृद्धी र विकासको लागी अधिकतम प्रगती हासिल गर्ने कुरामा नगर कार्यपालिका सफल हुन्छ भन्ने मैले बिस्वास लिएकोछु । स्थानीय सरकारमा जनताको सहज पहुंच र जनता संग निकटताहुने भएको हुँदा जनता र जनप्रतिनिधि मुलक संस्था बिच अन्योन्याश्रित सम्बन्ध कायम राख्न कटिबद्ध रहने छ । बहुजातिय, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता युक्त म्याङलुङ्ग नगरलाई समृद्धीको बाटोतर्फ डोऱ्याउन यहाँ रहेका प्राकृतिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक र म्याङलुङ्ग नगरका विषेशताहरुको संरक्षण, गर्दै नयाँ सम्भावानाहरुको खोजिगर्नु पर्ने आवस्यक्ता रहेकोछ" । म्याङलुङ नगरबासिले हामीलाई सुम्पिएको जिम्मेवारी,हामिलाई गरेको बिस्वास मुलतः सुशासन सहितको विकास र समृद्धिको जनआकांक्षा पुरा गर्न म लगायत सम्पुर्ण कार्यपालिका सदश्य ज्यूहरु यस महान अभियानका लागी निरन्तर लागी पर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

प्रस्तुत नीती तथा कार्यक्रम आ.व. २०७४/७५ कै निरन्तरता तथा यस नगरपालिकाको आवधिक योजनाले मार्गनिर्देश गरे अनुरुप र वर्तमान संघिय सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमले परिलक्षित गरेका लक्ष्य, संघिय सरकारको १४ औ आवधिक योजनाको मर्म तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले निर्दिष्ट गरेका प्रावधानहरु, साथै विभिन्न तहबाट प्राप्त हुन आएका सुझाव समेतका आधारमा तयार गरिएको छ । गत पहिलो नगर सभामा छलफल गरिएका बिषयहरु क्रमस फोहोर मैला व्यावस्थापन, म्याङलुङ्ग बजार रिङ्गरोड, वारुणयन्त्र व्यवास्थापन, पार्क निर्माण , वाल उद्धान निर्माण, पिगुवा सिचाई आयोजना, तुमलिङ्गटार विमानस्थल निर्माण , शिशु हेरचाह केन्द्र व्यवस्थापन, सबै विद्यालयका शिक्षकहरुको लागि ई-हाजिरी, ढाका प्रबर्द्धन, बजार क्षेत्रमा सिसि क्यामेरा जडान, लगायत साँझेदारिमा आधारीत कार्यक्रम सहित प्रभावकारी सेवा प्रवाह व्यवस्थापन जस्ता कार्यक्रमलाई पुन जोड दिईएको छ ।

**सभाध्यक्ष महोदय,**

"सबैको रहरः स्वच्छ, सुन्दर समृद्ध म्याङलुङ्ग शहर" भन्ने यस नगरपालिकाको दुर दृष्टिलाई चरितार्थ गर्न जातिय, धार्मिक, भाषिक, सांस्कृतिक तथा भौगोलिक बिविधता युक्त सामाजिक एकता भएको प्राकृतिक सौन्दर्यले भरिपुर्ण यस नगरलाई थप शैक्षिक, आर्थिक, सामाजिक रुपमा समृद्ध बनाउदै लैजानका लागि आ.व. २०७५/७६ का लागि यो नीति तथा कार्यक्रम तर्जुमा गरी यस सम्मानीत सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## १. पूर्वाधार विकास नीति :

### १.१ सडक तथा पुल

१.१.१. सडक निर्माण र स्तारोन्नती गर्दा नगर गुरुयोजनामा परेका र जनसहभागिता एवं लागत सहभागिता बढी हुने क्षेत्रका योजन तथा कार्यक्रमलाई प्राथमिकता दिईने नीती अवलम्बन गरीनेछ ।

१.१.२ नगर क्षेत्रभित्रका प्रमुख सडकहरुलाई स्तर उन्नती गरि बाह्रै महिना यातायात सञ्चालन हुने बनाउन प्राथामिकता दिईनेछ यो कार्यक्रम सञ्चालन गर्दा माथि १.१.१ मा परेका सडक मध्येवाट लाभान्वित जनसंख्याको आधारमा कम्तिमा "**१ वडा १ सडक** नगर स्तरिय योजनाको रुपमा निर्माण गरिने नीति अवलम्वन गरिनेछ ।

१.१.३ पहिलो नगर सभावाट पारित नीति अनुसार नगर क्षेत्रका चार मिटर भन्दा कम चौडाई भएका सडकहरुमा नगरपालिकाबा लगानी नगर्ने नीती लिईनेछ । अब निर्माण हुने नयाँ सडकहरु छ मिटर भन्दा कम भएमा लगानी नगर्ने नीति अवलम्वन गरिनेछ ।

१.१.४.जनसहभागितामा आधारित सडक योजनाहरु संचालनको लागी ६० तथा ४० अंसदानको नीती बनाई संचालनमा ल्याईनेछ

१.१.५ पक्की सडक संरचना निर्माण हुने वा कालोपत्रे गर्न नगर सडक योजनाहरुमा लगानी गरी आगामी पांच वर्ष भित्र ५० कि.मि. मुख्य सडकहरु पक्की बनाउने गुरु योजनाको लक्ष्य पुरा गर्न यस आ.व मा १०० कि.मि निर्माण कार्यलाई प्राथमिक दिईनेछ ।

१.१.६ नगर क्षेत्रमा पर्ने प्राथमिकता प्राप्त विशेस महत्वका सडक आयोजनाहरु चक्रपथ, म्याङलुङ्ग ओखे सडक, जिरिखिम्ती मोराह सडक प्रदेश सरकारसँग तथा हलिमेला देखि पिङवाखोला सम्मको मध्य पहाडी लोकमार्गको काम यथासिघ्र व्यवस्थीत गर्न अनुरं गर्ने तथा यि सडक लागायत तमोर जलासययुक्त बहुउद्देश्यीय आयोजना ७६२ मेगावाटलाई यस नगरपालिकाको गौरव आयोजनाको रुपमा लिने नीति अवलम्वन गरिनेछ ।

१.१.७ मर्मत सम्भार कोषको स्थापनाका लागि ***"मेरो सडक मेरो पनि लगानी, गाडी नचल्दा हामिलाई नै हुन्छ हैरानी"*** कार्यत्र अर्न्तगत ३ प्रतिशत रकम जुटाई मर्मत सम्भार कोष खडा गर्ने कार्यलाई थप व्यवस्थित बनाईने छ । यसरी जम्मा भएको म संभार कोषमा जम्मा हुन आउने रकम कोषको नियमावलि बनाएर मात्र खर्च गर्ने व्यवस्था मिलाईने छ ।

१.१.८ नगरपालिकाको म्याङलुङ्ग वजार र जिरिखिम्ति वजारमा व्यवस्थित हिसावले पार्किङको व्यवस्था मिलाउन जग्गाको उपलब्ध वाटोको अवस्था हेरी यातायातका प्रजातिका आधारमा छुट्टा छुट्टै वसपार्क निमार्ण गर्नका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

१.१.९ आ.ब. ०७५/७६ भित्र बाह्रै महिना संचालन हुने सक्ने गरीको म्याङलुङ्ग रिङ्गरोड निर्माण गरिनेछ ।

१.१.१० बहुबर्षिय आयोजनाको रुपमा प्रत्येक वडामा ***एक वडा एक गौरवको आयोजना*** संचालन गरी ५ बर्ष भित्र सम्पन्न गरिनेछ

**१.२ सिंचाइ**

१.२.१ पिंगुवा सिचाई , ताड्मायां सिंचाई, सन्तोले नौलेगाउँ सिंचाई, लिफ्ट सिंचाई लगायत अन्य ठुला सिंचाई परियोज

निर्माणको लागि संघिय सरकार र प्रादेशिक सरकारमा आवश्यक पहल गरिनेछ ।

१.२.२ वर्तमान अवस्थामा सञ्चालित सिंचाई योजनाहरुको स्तर उन्नति गरि थप क्षेत्रमा सिंचाइ सुविधा विस्तार गर्ने नी अवलम्वन गरिने छ ।

१.२.३ सुख्खा क्षेत्रमा आकासे पानि संकलनका लागि नमुना पानि पोखरी निर्माण गरि थप क्षेत्रमा सेवा विस्तार गरिनेछ ।

१.२.४ नयाँ प्रविधिमा आधारित र समुदायको सहभागितामा लिफ्ट सिंचाइ समेतबाट कृषियोग्य भूमिमा थप सिँचाइ सुवि पुऱ्याउन संघिय,प्रदेश सरकार,तथा अन्य संघ संस्थाहरुसँग समन्वय गरी कार्यान्वियन गर्न पहल गरिनेछ ।

**१.३ भवन**

१.३.१. नगरपालिकाको योजना तथा कार्यक्रम सञ्चालन गर्दा विगतमा नै तयार भएको नगरविकास योजना राष्ट्रिय भवन संहि निकट भविष्यमा भूउपयोग योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१.३.२ नगरपालिका क्षेत्र भित्र बिना स्वीकृत कुनै जग्गा प्लटिङ गरी बेच्ने कार्य निरुत्साहीत गरिनेछ । नगरपालीकाको स्वीकृत मापदण्ड बिपरित प्लटिङ गरी निर्माण गरिएको सडकहरुमा नगरपालिकाबाट पुर्वाधार बिकासमा लगानि नगर्ने नीती लिईनेछ ।

१.३.३ नीजि.आवास तथा संघ संस्थाले भवन निर्माण गर्दा अनिवार्य नगरपालिकामा नक्सा पास गरेर मात्र निर्माण गर्ने परिपाटी थप व्यवस्थीत गर्दै लगिनेछ ।

१.३.४ "सबैको रहर : स्वच्छ, सुन्दर समृद्ध म्याङलुङ्ग शहर" सुरक्षित नगर बनाउन र सम्भावित भूकम्पीय जोखिमबाट हुन क्षतिलाई न्युनिकरण गर्न तथा घर नक्सा पास कार्यलाई व्यवस्थित नियमित तथा मर्यादित बनाउन म्याङलुङ तथा जिरिखिम्ति व क्षेत्रको शहरी योजना तयार गर्न आवश्यक सहकार्य तथा व्यवस्थापनमा सहयोग प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

**१.४ उर्जा**

१.४.१ *"घर घरमा उज्यालो हाम्रो मान, उज्यालो म्याङलुङ नगरपालिका निर्माण हाम्रो अभियान"* कार्यक्रम मार्फत नगरपालिका भित्रका सबै घरहरुमा स्टील पोल सहित आ.व. २०७५/०७६ भित्रमै विद्युत उपलब्ध गराई उज्यालो नगरपालिका घोषणा गर्ने नीति अवलम्बन गरिनेछ ।

१.४.२ बैकल्पिक उर्जाको रुपमा सौर्य उर्जा, शुन्य फोहोर मैलाको रुपमा वायो ग्यासको विकास गर्न नीजि क्षेत्र तथा गैसस सँग आवश्यक समन्वय गर्ने कार्यक्रम तय गरिनेछ ।

१.४.३ नगरलाई सुरक्षित र उज्यालो नगरको रुपमा परिचित गर्न नगरका मुख्य बजारमा चालु आ.ब. भित्रै सि.सि. क्यामरा तथा सडक वत्ति जडान भै सकेको तथा अन्य क्षेत्रमा समेत यस कार्यलाई विस्तार गरिने छ ।

१.४.४ नेपाल विद्युत प्राधिकरण, स्थानीय बजारबासी तथा सामाजिक संघ सस्थाहरुको सहकार्यमा विद्युतीय सडक बत्तीको व्यवस्थापन भएकोमा सौर्य सडक बत्तीको व्यवस्थापनका लागी आवश्यक योजना तयार गरिनेछ ।

**१.५ सञ्चार**

१.५.१ प्रत्येक वडा कार्यालयमा टेलिफोन सहित इमेल, इन्टरनेटको सहज व्यवस्थापन गरी कामलाई व्यवस्थित तथा छिटो गर्न नेपाल दुर सञ्चार कार्यालयसँग आवश्यक समन्वय गरि कार्यान्वयन गरिनेछ ।

१.५२. नगरपालिकाका सवै कार्यक्रमलाई नगरपालिकाको Web Site मा प्रविष्टी गर्ने कार्यलाई थप व्यवस्थित तथा जवाफदेहिता वृद्धि गरिनेछ ।

१.५.३ खोजमुलक र अनुसन्धानमुलक पत्रपत्रकारिता तथा सामुदायिक रेडियोहरुको भौतिक पुर्वाधार विकास तथा क्षमता विकासलाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ । विकास गतिविधिमा उत्कृष्ट कलम चलाउने नगर भित्रका प्रत्रकारहरु मध्येवाट १ जनालाई विकास पत्रकारीता पुरस्कारले पुरस्कृत गर्ने नीति अवलम्वन गर्दै लगिनेछ ।

१.५.४ सुचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभुति गर्न नगरपालिकाले आफ्नो गतिविधिहरुलाई विभिन्न माध्यमबाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिकिकरण गर्ने व्यवस्था मिलाइ नियमित कार्यक्रमको रुपमा सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।

## २ सामाजिक विकास नीतिः

**२.१ शिक्षा**

२.१.१ प्रथम नगरसभाको निर्णयलाइ निरन्तरता दिदै शिक्षामा शुसासन कायम गर्न नगर क्षेत्रका सबै सामुदायिक विद्यालयहरुमा ई-हाजिरी प्रणालिलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

२.१.२ म्याङलुङ् नगरपालिकालाई शैक्षिक केन्द्र बनाई नगर क्षेत्र भित्रको समग्र शिक्षा प्रणालिलाई सबै सरोकारवालाहरुको सहयोगम व्यवस्थित गर्न नगर शिक्षा योजना निर्माण गरिनेछ ।

२.१.३. **"वालमैत्रि नगरपालिका घोषणा कार्यक्रम"** का शुचकहरु तय गरि विद्यालय क्षेत्र भन्दा बाहिर रहेका उमेर पुगेक बालबालिकाहरुलाई विद्यालयसम्म पहुँच पुऱ्याउन विद्यालय भर्ना अभियानलाई प्रभावकारी बनाइनेछ । वि.सं. २०७७ भाद्र २९ भित्र बालमैत्री नगर घोषणाको प्रतिबद्धता गरिएको हुँदा सो अभियानलाई साकार पर्न आवस्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

२.१.४ नगर क्षेत्र भित्रका सवै सामुदायिक विद्यालयमा अध्ययनरत दलित विद्यार्थीहरु मध्येवाट कक्षा आठ र SEE परिक्षामाम सर्वोत्कृष्ट अंक प्राप्त गर्ने १ जना छात्रा तथा १ जना छात्रलाई नगरपालिका पुरस्कारले सम्मान गर्ने कार्य सुरु गरिनेछ ।

२.१.५ **"मेयर पुरस्कार कोषको स्थापना"** गरि नगर भित्रका सवै विद्यालयवाट कक्षा १०+२ परिक्षामा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने १ जना छात्रा तथा १ जना छात्रलाई मेयर पुरस्कारले पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

२.१.६ *"हाम्रो साक्षर नगर, हाम्रो भविश्य निर्माण"* कार्यक्रम मार्फत नगर क्षेत्र भित्रका सवै सामुदायिक विद्यालयमा अध्यनरत अपाङ विद्यार्थीहरुलाई विषेश शैक्षिक सामाग्री प्रदान गर्ने कार्य सुरु गरिनेछ ।

२.१.७.अंग्रेजी भाषा प्रतिको बढ्दो लोकप्रियता र आवश्यकतालाई मध्यनजर गरि यस शैक्षिक सत्र देखी प्रत्येक वडामा एक एक वटा सामुदायिक विद्यालय छनौट गरि पूर्ण अंग्रेजि माध्यममा पठनपाठन संचालन गर्न तथा मौजुदा माध्यमिक विद्यालय, आधारभुत विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन गर्न पहिलो नगरसभाले गरेको नीतिगत व्यवस्था अनुसार आवश्यक पहल गरिनेछ ।

२.१.८.नगरक्षेत्रमा खेलकुदको विकास र प्रवर्द्धनका लागि शिक्षामा खेलकुद कार्यक्रम विभिन्न निकायसँग समन्वयात्मक रुपमा सञ्चालन गरिनेछ ।

२.१.९ विद्यालय व्यवस्थापन समिति र नगर शिक्षा समिति, तथा विषयगत शिक्षकहरुको क्षमता विकासका लागि आवश्यक तालिमको पहिचान गरी सहयोग गर्ने व्यवस्था मिलाइनेछ ।

२.१.१० ***"सबैका लागि र सधैंका लागि शिक्षा"*** कार्यक्रम भन्ने नारालाई मूर्तरुप दिन विद्यार्थी र शिक्षक सम्वाद,शिक्षक र अभिभावक सम्वाद, नगरपालिका र व्यवस्थापन समिति सम्वाद जस्ता विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

२.१.११ नगर क्षेत्रका सबै माध्यमिक विद्यालयहरुमा छात्रा सहायता कक्ष स्थापना गरी छात्राहरुको विद्यालय छोड्नु पर्ने अवस्थाको अन्त्य गरिनेछ ।

२.१.१२ शैक्षिक वेरोजगारको अवस्थाको न्युनिकरण गर्न विद्यालय तथा विद्यालय बाहिर व्यवसायिक शिक्षाको प्रबर्द्धनमा विषेश जोड दिईनेछ ।

२.२ स्वास्थ्य

२.२.१ पहिलो नगर सभाले गरेको नगर क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाबाट २४ सै घण्टा सेवा प्रदान हुने व्यवस्था मिलाईनेछ भन्ने नीतिलाई यस आ.व.मा पनि निरन्तरता दिएको छ ।

२.२.२ एम्बुलेन्स सेवालाई भर पर्दो व्यवस्थापन गर्न स्वास्थ्य संस्था तथा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखासँग आवश्यक समन्वय गरी नगरबासिको सेवामा पहुँच पुऱ्याउने नीति लिइनेछ ।

२.२.३ प्रत्येक वडामा स्वास्थ्य चौकिको निर्माण गरि आवश्यक उपकरण, औषधि, खोपको वितरण समुचित रुपमा उपलब्ध गराइनेछ । न.पा. केन्द्रमा रहेको अस्पताललाई ५० सैया बनाई आधुनिक सुविधा सम्पन्न अस्पतालको रुपमा विकसित गर्ने गत आँ.व.को सभामा पेश भएको कार्यक्रमलाइ निरन्तरता दिइ अफ सेवाग्राही मैत्री बनाईनेछ ।

२.२.४ स्वास्थ्य र सरसफाई सम्बन्धि जनचेतना अभिवृद्धि गरि HIV/AIDS, लागु पदार्थ तथा दुर्व्यसनि नियन्त्रण गर्न संघिय सरकार, प्रादेशिक सरकार तथा विभिन्न संघ संस्थाहरुसँग सहयोग, समन्वय र साझेदारि गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

२.२.५ स्वच्छ पानी पिउन पाउने नागरिक अधिकारको सुनिश्चित गर्न समय समयमा पानिको शुद्धता परिक्षण गर्ने व्यवस्था गरिनेछ ।

२.२.६ नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रमलाई नगरबासिहरुमा प्रचार प्रसार तथा प्रोत्साहन गरिनेछ ।

२.२.७ किसोर किसोरीहरुको लागी यौन तथा स्वास्थ्य सचेतना कार्यक्रमहरु संचालन गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

२.२.८ प्रत्येक वडामा जेष्ठ नागरिकहरुको स्वास्थय परिक्षणका लागि प्रत्येक महिना अभियानात्मक चेक जाचको कार्यक्रम संचालन गरिनेछ ।

२.२.९ प्रजनन् स्वास्थ्य तथा स्वस्थ शिशु जन्मन पाउने अधिकारलाई सुनिश्चित गर्न गर्ब परिक्षण चक्र र स्वास्थ्य केन्द्रमा मात्र प्रसुती गर्न गराउन थप प्रोत्साहन गरिनेछ ।

२.२.१० नगर क्षेत्रमा रहेको अस्पतालमा मानसिक स्वास्थ्य ईकाई स्थापना गर्न पहल गरिनेछ ।

२.२.११ बालबालिकाको बृत्ती विकास साथै पोषणको अवस्था शुनिश्चीत गरी स्वस्थ्य बालबालिकाको विकास गरिनेछ ।

२.३ खानेपानी तथा सरसफाई

२.३.१ एक टोल १ टयांकी, घर घरमा स्वच्छ खानेपानी भन्ने नारालाई प्रभावकारी बनाउँन नगरपालिका क्षेत्रमा क्रियासिल सबै उपभोक्ता समितिहरुसँग समन्वय गरी खानेपानीको व्यवस्थापनमा निरन्तर सहयोग गर्ने नीति अवलम्वन गरिने छ ।

२.३.२ ***सडकमा फोहोर फाल्नेलाई फाइन, उचित व्यवस्थापनकालागि डस्विन*** "कार्यक्रम अन्तरगत वजार क्षेत्रमा १ घर १ डस्विन तथा ग्रामिण क्षेत्रमा स्थानीय उत्पादन डोको डस्विन कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउँदै लगिनेछ ।

२.३.३ मापडण्ड नपुगेका चर्पिहरुको पहिचान गरी स्तरोन्नती गर्न सहजिकरण तथा पुर्ण सरसफाई कार्यक्रमलाइ प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

२.३.४ खानेपानीको सुरक्षा तथा आर्थिक वचतकालागि अनिवार्य मिटर प्रणालि जडान गर्ने कार्यलाई निरन्तर तथा तगारुकताका साथ लागु गरिनेछ ।

२.३.५ स्वच्छ खानेपानीको उपलब्धता कम भएको वडाहरुलाई प्रथमिकतामा राखी ***घरघरमा स्वच्छ खानेपानी अभियान*** संचालन गरिनेछ ।

## २.४ युवा, खेलकुद तथा संस्कृती

२.४.१ **"खेलकुद विकासमा समयदान, प्रत्येक वडामा खेलमैदान"**, कार्यक्रम अन्तरगत स्थानीय समुदायको सहभागितामा प्रत्येव वडामा १ वटा वडा स्तरिय खेलमैदान निर्माण गर्ने व्यवस्था मिलाइनेछ

२.४.२ म्याङलुङ् नगरपालिकाको २ नं. वडामा रहेको खेल मैदानलाई पूर्वाधारयुक्त सुविधा सम्पन्न नगर स्तरीय रंगशालाको रुपम विकास गर्न नगरपालिका तथा प्रदेश सरकारको साझेदारिमा निर्माण सम्पन्न गर्न यसै आ.व. देखि वजेटको व्यवस्थापन मिलाउ समन्वय गरिनेछ ।

२.४.३. नगर खेलकुद समिति मार्फत नगर खेलकुद योजना तर्जुमा गरी प्रत्येक वर्ष **मेयर कप खेलकुद** प्रतियोगिता संचालनला निरन्तरता गरिनेछ । यसै अवसरमा खेलाडी तालिम तथा उत्कृष्ट खेलाडीलाई पुरस्कृत गर्ने कार्यक्रम समेत समावेश गरिनेछ ।

२.४.४ सबै भाषा, धर्म, संस्कृति,परम्परा तथा रितिरिवाजलाई सम्मान गर्दै आवश्यकताका आधारमा सबैलाई जगेर्ना गर्न सहयो गर्ने नीति अवलम्वन गर्दै लगिनेछ ।

२.४.५ स्थानिय मठ, मन्दिर, माडहिम, देवालय, शिवालय, चर्च गुम्बा लगायतका विभिन्न धर्मका धार्मिक स्थलको विकास र संरक्षणको लागि सरोकारवाला स्थानिय वासीसँग सहकार्य गरि अघि वढाउने नीति अवलम्वन गरिनेछ ।

२.४.६ पराम्परागत दाहासंस्कार गर्ने स्थानहरुलाई क्रमश : व्यवस्थीत गर्दै सामुहिक कृयाघरको ब्यवस्थापन गरिनेछ ।

२.४.७ राष्ट्रिय युवा नीति, युवा ऐन र युथ भिजन २०२५ ले गरेका परिकल्पनालाई सार्थक तुल्याउन आवश्यक नीति नियम तर्जुम गरी कार्यान्यवन गरिनेछ ।

२.४.८ राष्ट्रिय युवा परिषद अन्तरगतका सार्वजनिक शिक्षा सवलिकरण कार्यक्रम, युवा सिप तथा उद्यमशिलता विकास कार्यक्र युवा क्लव र युवा संसद् संचालन कार्यक्रम, युवा प्रतिभा पहिचाहन तथा विना ब्याज विना धितो ऋण अन्तरगत युवा उ कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२.४.९ साहित्य तथा कला क्षेत्रको विकास गर्न आवस्यक कार्यक्रम तयार गरी कार्यन्वयन गरिनेछ ।

## २.५ लैगीक समानता तथा सामाजिक समावेशिकरण

२.५.१ समुन्नत समाजको निर्माण तथा समाजमा देखिने सबै खाले हिंसाका घटनाहरुलाई न्युनिकरण गर्न नगरक्षेत्रका महिलाहर लागि सचेतनामुलक, क्षमता विकासमुलक, आयमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२.५.२ सबै संघ संस्था,कार्यालय तथा विद्यालयहरुलाई महिलामैत्रि बनाउने कार्यको लागि सहयोग गरिनेछ ।

२.५.३ आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला/एकल महिलाहरुको आय आर्जनका लागि **विपन्न संग नगरपालिका कार्यक्रम** मार्फत विषेश कार्यक्रम सञ्चालन गरिनेछ ।

२.५.४ यस नगर क्षेत्रका महिला उद्यमिहरुलाई सफल उद्यमि बन्न व्यवसायिक ज्ञान प्रदान गरी प्रोत्साहित गरिनेछ ।

२.५.५ ***विपन्न परिवार आवास कार्यक्रम*** मार्फत जग्गा विहिन नगरबासिहरुको ब्यवस्थीत बसोवासको लागी एकिकृत बस्ती निर्माणको थालनी गरिनेछ ।

२.५.६ जेष्ठ नागरीक अनुभवका खानि तथा सदैव श्रद्धाका धरोहर हुने भएकोले उहाँहरुको सम्मानमा सुविधाजनक जेष्ठ नागरिक विश्राम स्थल निर्माण भैरहेका छन । यसलाई आवश्यकताका आधारमा थप विस्तार गरिनेछ । विश्राम स्थलमा सबै उमेर समुहका व्यक्तिहरु महिनामा कम्तिमा एक पटक जम्मा भई अन्तरपुस्ता अनुभव तथा सिकाई साटासाटको वातावरण निर्माण गर्न कार्यक्रम संचालन गरिनेछ ।

२.५.७ अपांगता भएका व्यक्तिहरुका लागि सामाजिक सुरक्षाका विषेश कार्यक्रमहरु संचालन गरिनेछ ।

२.५.८ बालबालिका लक्षित कार्यक्रम छनौट गर्दा बालबालिकाकै मागमा आधारित योजनाहरु छनौट गरिने छन् । यी कार्यक्रमहरु बालबालिकाहरुले नै अधिकतम लाभ पाउने गरी रचनात्मक तथा मनोरन्जनातमक क्षेत्रमा कार्यान्वयन गरिनेछ ।

२.५.९ हिंसा पिडितहरुको सहयोगको लागी कार्यविधी बनाई न्यायिक कोष स्थापना गरिनेछ र सुरक्षित आवस केन्द्र स्थापना गरिनेछ ।

**३ आर्थिक विकास**

**३.१ कृषि तथा पशु पंन्छीपालन**

३.१.१ कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि, व्यावसायिकरण र आधुनिकिकरण गर्न सिंचाई महत्वपुर्ण माध्यम भएकोले कृषि सिंचाई योजनाहरु संचालन र सिचाई सुविधा नपुगेका खेतियोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउन सिंचाई सम्बन्धी योजना संचालनका लागि प्राथमिता दिदै प्रदेश तथा संघिय सरकारसँग समन्वयमा जोड दिईनेछ ।

३.१.२ **एक गाउँ एक उत्पादन** मार्फत आर्थिक उपार्जन तथा रोजगारी सृजना गर्न आवश्यक सहयोग तथा समन्वय गर्ने नीति अवलम्वन गरिनेछ । प्राविधिक सिप विकास तालिम उपलब्ध गराई एक गांउँ एक उत्पादन कार्यक्रमबाट प्रत्येक घरमा कम्तीमा एक घर एक रोजगार श्रृजना गरिनेछ ।वैदेशिक रोजगारबाट स्वदेश फिर्ता भएका युवाहरुलाई उद्यमी/व्यवसायी बनाउन विशेष कार्यक्रम संचालन गरिनेछ ।

३.१.३ खालि रहेका जग्गाहरुलाई प्रयोगमा ल्याइ उत्पादन वृद्धिका लागि कृषि वा पशुपालन समुहलाई निश्चित अवधिका लागि लिजमा दिने नीतिलाई अवलम्वन गर्न आवश्यक नीतिहरु तर्जूमा गरिने छ । दुध फुल र मासुमा आत्मनिर्भर बनाई निकासी प्रवर्द्धनमा जोड दिईनेछ ।

३.१.४ पुराना कृषी/पशुका पकेट क्षेत्रहरुलाई निरन्तरता दिदै नयाँ पकेट क्षेत्रको विकास तथा विस्तार गरिनेछ ।

३.१.५ आधुनिक प्रविधियुक्त कृषि, पशुपंछी, माछा, मौरी पालन कार्यक्रमलाई प्रोत्साहित गर्दै कृषि उपजमा किटनाशक औषधि रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड तथा उन्नत विउ विजनको प्रयोग गर्ने नीति अवलम्वन गरिनेछ ।

३.१.६ म्याङलुङ्ग नगरपालिकाका सम्भावित कृषी तथा पशुपालन क्षेत्रको आधुनिकिकरण सहित प्रविधियुक्त बनाई कृषी पर्यटन केन्द्र रुपमा विकसित गरिनेछ ।

३.१.७ स्वच्छ तथा सफा मासु उपभोगको लागी बजार क्षेत्रमा ब्यवस्थीत पशु बधस्थल निर्माण गरिनेछ ।

३.१.८ उत्कृष्ट कृषि तथा पशुपालक कृषकलाई प्रोत्साहन गर्न पुरष्कृत गरिनेछ ।

३.१.९ कृषी तथा पशुपालन व्यवसायलाई युवा स्वरोजगार उन्मुख बनाउने प्रेरित गरिनेछ ।

**३.२ उद्योग तथा वाणिज्य**

३.२.१ घरेलु तथा साना उद्योगको प्रवर्द्धनको लागी स्थानीय स्तरमा उपलब्ध स्रोत तथा साधनको प्रयोगमा जोड दिदै लघु उ विकास कार्यक्रम अन्तर्गत उद्यमी सृजना र प्रवर्द्धन, म्याङ्लुङ्ग नगरको ढाका उत्पादनलाई यस नगरको मुख्य पहिचानको रु स्थानिय ढाका कपडालाई प्रवर्द्धनका लागि प्राथामिकता दिईनेछ ।

३.२.२ स्थानीय कृषि प्रसोधन तथा गैर काष्ठ वन पैदावर जन्य उद्योगहरुको पहिचान गरि कार्यान्वयन गर्न अवश्यक पहल गरिने

३.२.३ सञ्चालित साना उधोगहरुलाई अनिवार्य नगरपालिकामा दर्ता गर्ने तथा दर्ता नगर्ने उधमीहरुलाई नगरपालिकावाट प्रदान सेबामा रोक लगाउने नीति अवलम्वन गरिने छ ।

३.२.४ नगरक्षेत्र भित्रका गाउँ गाउँमा आर्थिक विकासका लागि उत्पादनमुलक लघु उद्यम कार्यक्रम तथा एक घर एक उत्पादन कि संचालन गरिनेछ ।

३.२.५ म्याङलुङ्ग नगरपालिकाबाट तयार भएको लघुउद्यम रणनैतिक गुरुयोजनाको प्रभावकारी कार्यान्वयनमा विषेश जोड दिएनेछ

**३.३ सहकारी**

३.३.१ सहकारीको नियमित र प्रभावकारी नियमन गर्दै मुल्यांकनमा उत्कृष्ट एक सहकारीलाई प्रत्येक बर्ष **सहकारीसंग मे पुरष्कार**ले पुरष्कृत गरिनेछ ।

३.३.२ सहकारी व्यवस्थापक तथा कार्यरत जनशक्तिको क्षमता विकासकालागि आवश्यक सहयोग गरिने छ ।

३.३.२ सहकारी ऐनमा भएका प्रावधानहरुलाई पूर्ण रुपमा पालन गर्न सहकारी शिक्षालाई टोल टोल सम्म पुऱ्याउने व्यवस मिलाइनेछ ।

**३.४ पर्यटन**

**३.४.१** नगरपालिका क्षेत्र भित्र प्रत्येक वडामा एक मनोरञ्जानात्मक पार्क वालउद्यान निर्माण गरि पर्यटन व्यवसायलाई विस्तार ग नीति अवलम्वन गरिनेछ ।

३.४.२ नेत्र गुरागाँई स्मृति पार्कलाइ नगर स्तरिय पार्क निर्माण गर्न प्रदेश सरकार तथा संघिय सरकार समक्ष्य अनुरोध ग साझेदारिमा कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।

३.४.३ संखुवासभा जिल्लाको मंगलवारे देखि छेलेडाँडा, सिमिनाक्छी, शिवथान,नेत्र गुरागाई स्मृती पार्क, केमुक गुफा, पाथिभर मन्दिर, सिंहवाहिनी मन्दिर, पानी टयांकी थलडाँडा भ्यू टावर हुदै भिमसेन पाईला र तमोर सम्मको करिडोरलाई पर्यटन क्षेत्रकं विकासकालागि DPR सहितको गुरु योजना निर्माण गरी कार्यान्वयन गरिने छ ।

३.४.४ पर्यटक आगमनको अभिलेख व्यवस्थापन गर्ने कार्य यसै आ.व. देखि सुरुवात गरिने तथा पर्यटकिय स्थानको पहिचान खुल्ने गरी व्रोसियर तयार गरिने छ ।

३.४.५ **"पर्यटनको पुर्वाधार : विकास समृद्धिको आधार"** को नारालाई सार्थक वनाउँन नगरको पर्यटन विकास र संस्कृति प्रवर्द्धनक लागि भ्यु-टावर निर्माण, तुम्लिङ्गटार विमान स्थल निर्माण, बहुजातीय संग्राहलय भवन निर्माणको कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

३.४.६ पौतेको ढुंगा, दामिनि चौर,लुङतरङ झरना,दशगते गुफा लगायतका स्थानहरुलाई पर्यटकिय स्थलको रुपमा विकास गरिने छ ।

**४. वन, वातावरण तथा विपद व्यवस्थापन**

४.१.१ नगरपालिकामा रहेका सवै सामुदायिक वनहरुमा वन जगेर्ना तथा घास जडिवुटी जन्य प्रजातीका वृक्षारोपण कार्यक्रम संचालन गरिने छ ।

४.१.२ सामुदायिक वन उपभोक्ता समितिको साझेदारीमा ठुला वनहरुको EIA कार्य गर्न आवश्यक पहल गरिने छ ।

४.१.३ वढि भूक्षय हुने स्थानको पहिचान गरी सो क्षेत्रमा भुंसरक्षण गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

## ४.२ जलाधार संरक्षण

४.२.१ साविक आम्वुङ तथा जिरिखिम्ती क्षेत्रलाई विषेश प्राथमिकता क्षेत्र तोकि यस क्षेत्रमा रहेका जलाधारका श्रोतहरुको संरक्षण गदै लैजाने कार्यक्रम तय गरिने छ ।

४.२.२ जलाधार क्षेत्रमा पुर्वाधार विकासका कार्यक्रम संचालन गर्दा अनिवार्य रुपमा पानी माथि प्रभाव पर्ने नपर्ने अवस्थालाई अध्ययन गरेर मात्र कार्यक्रम कार्यान्वयन गर्ने परिपाटीको विकास गरिनेछ ।

## ४.३ जलवायु परिवर्तन

४.३.१ जलवायु परिवर्तन विश्व व्यापि समस्याको रुपमा अगाडी आइरहेको सन्दर्भमा हामिले गर्ने कार्यलाई अनुकुलन योजना वनाई कार्य गर्ने परिपाटिको सुरुवात गरिनेछ ।

४.३.२ जलवायु परिवर्तनले पार्ने असरको वारेमा जानकारीमुलक सचेतना कार्यक्रम सरोकारवाला निकाय, गैसस तथा अन्य विकास साझेदार संस्थाको सहकार्यमा गर्ने नीति अवलम्वन गरिनेछ ।

## ४.४ विपद व्यवस्थापन

४.४.१ विपद सुचना दिएर आउँदैन, त्यसैले विपद् व्यवस्थापनका लागि यस नगरपालिको स्थानीय विपद व्यवस्थापन तथा प्रतिकार्य योजना LDRMP यसै आ.व.मा निर्माण गरि लागु गरिनेछ ।

४.४.२ विपद् व्यवस्थापनका लागि पुर्व तयारी कार्य जस्तै विपद् कोषको स्थापना, प्राथमिक उपचार टोली, खोज तथा उद्दार कार्य समुह आदिको निर्मार्ण कार्य सरोकारवाला निकाय जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी,नेपाली सेना नेपाल रेडक्रस सोसाईटीसँगको सहकार्यमा गरिनेछ ।

४.४.३ पुर्व सूचना प्रणालिको विकासका लागि स्थान तथा सहयोगी निकायको खोजि गरिनेछ ।

# ५ सुशासन तथा संस्थागत विकास

## ५.१ मानव संसाधन विकास

५.१.१ जनप्रतिनिधि, कर्मचारीको क्षमता र दक्षता अभिवृद्धिको लागि तालिम तथा अध्ययन अवलोकन भ्रमणको व्यावस्था मिलाईनेछ ।

५.१.२ सेवा ग्राही सन्तुष्टी फारमको माध्यमबाट प्राप्त सुझावका आधारमा कार्यसम्पादन मुल्यांकन गरी काम प्रति इमान्दार कर्मचारीलाई प्रोत्साहन गर्दै सेवा प्रवाह प्रणालिमा आवश्यक सुधार ल्याई मितव्यी र प्रभावकारी सेवा प्रदान गरिनेछ ।

५.१.३ नगरपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालिलाई चुस्त दुरुस्त विश्वानिय, क्षमतायुक्त र प्रभावकारी बनाउदै आवस्यक रिक्त दरबन्दीहरुमा उपयुक्त प्रक्रियाबाट पदपुर्ति पहल गरिनेछ र हाल कार्यरत कर्मचारीहरुलाई योग्यता र क्षमताका आधारमा उपयुक्त पदमा दरबन्दी मिलान गरिनेछ ।

५.१.४ नगर कार्यपालिकाको बैठकबाट स्वीकृत म्याङलुङ नगरपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियामावलीको पुर्ण पालनामा जोड दिईनेछ ।

## ५.२ संस्थागत विकास

५.२.१ नगरपालिकालाई प्रविधि मैत्री नगरको रुपमा परिचित गर्न नगरपालिका तथा वडा कार्यालयका सबै कामहरु विद्युतिय माध्यमबाट संचालन गरी पेपर लेस सेवामा जोड दिईनेछ ।

५.२.२ नगरपालिकाको सेवा प्रवाह प्रक्रियालाई छिटो, छरितो र अझ पारदर्शी बनाउदै लगिनेछ । सम्मानजनक व्यावहार सहित सेवा प्राप्त गर्नु सेवाग्राहिको अधिकार हो भन्ने मान्यतालाई स्थापित गर्न कर्मचारीहरुलाई निरन्तर प्रशिक्षित गराईनेछ ।

५.२.३ नगरपालिकाबाट प्रदान गरिने सेवाहरुको सम्बन्धमा सेवाग्राहि सन्तुष्टि फारमको माध्यमबाट प्राप्त सुझावका आधारमा सेवा प्रवाह प्रणालिमा आवश्यक सुधार गरिनेछ ।

५.२.४ नगरबासीहरुको सुविधाको लागि सबै वडाबाट सबै सेवा प्रदानहुने व्यवस्था गरिदै लगिनेछ ।

५.२.५ नगरपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरुको कर्मचारीहरुमा सेवाग्रहीप्रती उत्तरदायि बनाउन कर्मचारी आचारणसंहिता निर्माण गरि लागु गरिने छ । जनप्रतिनिधिहरुको समेत आचरसंहिता बनाई कार्यान्वयन गरिनेछ ।

५.२.६ यस नगरपालिकावाट प्रदान गर्ने सेवालाई जनमुखी वनाउन परामर्स सेवा करार गरी काम गर्ने कार्यको थालनी गरिनेछ ।

५.२.७ वडा कार्यालय तथा नगरपालिका कार्यालयबाट प्रदान गरिने सेवाकोलागी सेवाग्राहीले पेश गर्नुपर्ने निवेदनहरुको फारम नि:शुल्क रुपमा उपलब्ध गराईनेछ ।

५.२.८ कार्यालय परिसरमा सेवाग्राहि विश्राम स्थल , सेवाग्राही सहयोगी कक्ष तयार गरिनेछ ।

५.२.९ ***एक द्वार अनेक सेवा*** अवधारणा वमोजिम सेवा प्रवाहको व्यवस्थापनमा जोड दिईनेछ ।

५.२.१० स्थानिय तहलाई प्राप्त न्यायिक अधिकारलाई संस्थागत गर्न न्यायिक समितिको क्षमतामा विकास गरी न्यायीक कार्य सम्पादन लाई चुस्त र प्रभावकारी बनाईनेछ ।

**५.३ राजश्व परिचालन**

५.३.१. कर प्रशासन लाई छिटो, छरितो, पारदर्शी बनाउन थप नीतिगत सुधार तथा कर्मचारीलाई क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ ।

५.३.२ राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदन तथा नगर स्तरीय कर व्यवस्थालाई अद्यावधिक गरिनेछ ।

५.३.३. एकीकृत सम्पति कर लगायत अन्य करहरु १० वटै वडा कार्यालयबाट असुल गर्न सफ्टवेर यसै आ.व. वाट व्यवस्थापन गरिनेछ ।

५.३.४ नगरपालिकाले विभिन्न क्षेत्रबाट प्राप्त गर्ने कर, शुल्क तथा दस्तुरलाई प्रभावकारीरुपले संकलन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायसँग सहकार्य गरिनेछ ।

५.३.५ कर तथा शुल्क संकलनलाई नियमित र पारदर्शी बनाउन बढी संकलन गर्ने वडामा थप कार्यक्रमहरु सोही वडामा सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।

५.३.६ महिला उद्यमिद्वारा संचालित व्यवसायलाई प्रोप्साहन गर्न नगरपालिकामा तिर्नु पर्ने करमा केही छुटको व्यवस्था गरिनेछ ।

५.३.७ नगरपालिका क्षेत्रमा संचालित व्यवसायहरुलाई करको दायरामा ल्याउन सरकारी कार्यालय तथा विभिन्न निकायहरुले कारोवार गर्दा नगरपालिकामा व्यवसाय दर्ता नभए कारोवार नगर्ने/नगराउने नीति अवलम्बन गरिनेछ ।

५.३.८ आन्तरिक आयलाई बढोतरी गर्न नगरबासीसँग अन्तरक्रिया/प्रचारात्मक अभियान संचालन गरिनेछ ।

**५.४ वित्तिय व्यवस्थापन**

५.४.१ नगरपालिकाबाट संचालन गरिने उपभोक्ता समिति, संघ संस्थामार्फत संचालन हुने सबै योजना तथा कार्यक्रमहरुम

५.४.२ पहिलो नगर सभामा प्रस्तुत, नगर विकासको दिगो र भरपर्दो श्रोत भनेको नै नगरपालिकाको आफुले संकलित श्रोत नै हो। आन्तरिक आयमा सवल भएमा मात्र नगरको द्रुत विकास हुन सक्छ। त्यसैले नगरपालिकालाई आन्तरिक आयमा क्रमश : सबल बनाउदै लैजानको लागि आन्तरिक आय वृद्धि गर्न करका दर र दायराहरुलाई फराकिलो बनाउदै लगिनेछ।

५.४.३ नगरपालिकाबाट सञ्चालन गरिने एक लाख भन्दा बढीका योजना तथा कार्यक्रममा मात्र ३ प्रतिशत आयोजना व्यावस्थापन खर्च कट्टा गर्ने व्यवस्था मिलाईने र थप १ प्रतिशत रकम उपभोक्ता समितिले मसलन्द खर्च गर्नसक्नेछ भन्ने व्यवस्थालाई कायमै राखिएकोछ।

**५.५ वित्तिय जोखिम न्यूनीकरण**

५.५.१ जोखिमको अवस्थालाई मध्यनजर गर्दै जति सुकै रकम भएता पनि वैक खातावाट मात्र भुक्तानी दिइने छ।

५.५.२ हरेक महिनाको पहिलो सातामा अधिल्लो महिनाको आम्दानी तथा खर्चको सन्तुलन नगरपालिकाको वैठकमा पेश गर्ने परिपाटिको थालनी गरिने छ।

५.५.३ सबै लक्षित वर्गको बजेट तथा कार्यक्रममा पर्न सक्ने जोखिमलाई कमगर्न विशेष सावधानि अपनाईनेछ।

**५.६ सार्वजनिक सुनुवाई**

५.६.१ जनताको गुनासो सुनुवाईको लागी स्थानिय रेडीयो मार्फत मासिक रुपमा "नगरवासीसंग मेयर कार्यक्रम"सञ्चालन गरिनेछ।

५.६.२ गुनासो सुनुवाईको लागि "हेलो नगरपालिका कार्यक्रम" समेत संचालन गरिनेछ।

५.६.३ . नगरपालिकावाट संचालित विभिन्न विकास कार्यक्रम तथा सेवाको अधिकतम सार्वजनिक गरी पारदर्शीता र जवाफदेहितामा अभिवृद्धि गरिनेछ।

५.६.४ प्रत्येक वडामा वडाका नगरवासी संग नियमित सम्बाद् अन्तरकृया कार्यक्रम संचालन गरिनेछ।

**५.७ सामाजिक परिक्षण**

५.७.१ यस नगरपालिकावाट संचालित सवै योजनाहरुको अन्तिम किस्ता भुक्तानी गर्नु अघि अनिवार्य सामाजिक लेखापरिक्षण ग नीति कडाइका साथ लागु गरिने छ। यस कार्यका लागि छुट्टै कार्यनीति वनाइ नगरपालिको वैठकले निर्णय गरी लागु गर्ने व्यवस्थ मिलाइने छ।

५.७.२ समुदायबाट कुनै पनि जिन्सी वा नगद प्राप्त गर्नु भ्रष्टचार गर्नु हो त्यसैले यस नगरपालिकाका जनप्रतिनिधी तथा कर्मचारीम *शुन्य सहनसिलता* को नीति लागु गरि भ्रष्टचार न्युनिकरणमा जोड दिई सुशासन प्रबर्द्धन गरिनेछ। खराव आचरण देखिएम नगरपालिका संग सम्बद्ध सम्पुर्णलाई कानुनी कार्वाहिको दायरामा ल्याईनेछ।

**५.८. आन्तरिक र अन्तिम लेखा परिक्षण**

५.८.१ नगरपालिकाको आलेप शाखा मार्फत आन्तरिक लेखापरिक्षणको कार्यलाई व्यवस्थीत वनाइ प्राप्त सुझावलाई व्यवस्थापकि सम्वोधन मार्फत सुधार गरिनेछ ।

५.८.२ हरेक आर्थिक वर्षको अन्त्य पछि अन्तिम लेखापरिक्षण गरी प्राप्त सुझाव अनुसार सुधार गर्दै जाने प्रकृयालाई अवलम्व गरिनेछ।

**आदरणिय सभाध्यक्ष महोदय**

**सभासद ज्यहरु**

अव म यस नीति तथा कार्यक्रम निर्माणका आधार तथा अगामि कार्य सम्पादनका केहि मार्गदर्शन प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**क. नीति तथा कार्यक्रम निर्माणका आधारहरु**

१. नेपालको सम्विधान २०७२

२. स्थानीय सरकार सञ्चालन ऐन २०७४

३. आ.व. २०७४/७५ को वार्षिक नीति तथा कार्यक्रम

४. नगरपालिकाले तयार गरेको आवधिक योजना २०७५

५. नगर कार्यपालिकाले गरेका विभिन्न निणर्यहरु ।

६. संघिय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु

७. स्रहशाब्दि विकास लक्ष्यहरु

८. १४ औ त्रिवर्षिय योजना ।

९. नगर प्रमुख, सभासद ज्यूहरु तथा कर्मचारीवाट प्राप्त सुझावहरु

**ख मार्ग दर्शनहरु**

१ जन सहभागितामुलक विकास निर्माण

२ पारदर्शिता तथा जवाफदेहिता

३ छिटो छरितो सेवा प्रवाह

४ दिगो विकास

५ समावेशिता

**आदरणिय सभासद ज्यूहरु**

हाम्रो मुलुक गरीवि,अशिक्षा, वेरोजगारीको चपेटामा परेको विधितै छ। यस समश्यावाट हामि नगर वासी पनी मुक्त छैनौ । मुलुकले संघियताको स्वरुप अनुसार तिनै तहमा सरकार पाएको छ । यि सरकारहरु देश र जनताको समृद्धि हासिल गर्ने महान अभियानमा तपाइ हामि सहित होमिएका छौ । यस नगरपालिको समृद्धि र जनताका समश्या समाधान गदै नमुना नगरपालिका वनाउँन जनताले हामिलाई निर्वाचित गरी पठाउनु भएकोछ । जनताको नजरमा हामि पास हुनु छ । यो पास हुने अभियान भनेको हामिले वनाएको नीति तथा कार्यक्रम र यस लाई सघाउने योजना निर्माण नै हुन । तसर्थ गम्भिर छलफल मार्फत सहि योजना तर्जुमा छलफल सल्लाह सुझाव प्राप्त हुने नै छ भन्ने पुर्ण विश्वास लिएकोछु ।

अन्तमा: म यस म्याङ्लुङ नगरपालिंकाको दोश्रो सम्मानित सभालाई जनप्रतिनिधिको हैसियतले सम्वोधन गर्ने मौका पाएको अवसरमा सम्पूर्ण नगरवासि आमा,वुवा,दाजु,भाइ तथा दिदि वहिनीहरु , राजनैतिक पार्टिका आदरणिय नेताहरु, विभिन्न संघ संस्थाहरु, सम्पूर्ण नगर सभासद ज्यूहरुं, सञ्चारकर्मि ज्यूहरु, कर्मचारी तथा सुरक्षा कर्मिहरु लगायत सम्पुर्णमा कृतज्ञता ज्ञापन गदै धन्यवाद दिन चाहान्छु ।

संजय कुमार तुम्वाहाङफे

नगर प्रमुख

म्याङलुङ्ग नगरपालिका